**निर्णय न. १**

यस धनगढी उप-महानगरपालिका भित्र स्वास्थ्य संस्था दर्ता, नबिकरण, स्तरोन्नति तथा सेवा थप सम्बन्धि कार्य बिधि २०७७ को अनुसूची ७ अनुसार तपशिल बमोजिमको दर्ता अनुमति दस्तुर लिन निर्णय गर्नका लागि नगर कार्यपालिकामा सिफारिस गर्ने निर्णय गरियो ।

तपशिल

| सि.न. | बिबरण | दर्ता/ईजाजत शुल्क |
|---|---|---|
| १ | १५ सैया सम्मको अस्पताल | ७५,००० |
| २ | स्वास्थ्य क्लिनिक, आयुर्बेद क्लिनिक, सेवारिग्पा (आम्चि), होमोप्याथी क्लिनिक, फार्मेसी, खुद्रा र यस्तै प्रकारका अन्य क्लिनिक | १०००० |
| ३ | फिजियोथेरापी केन्द्र, पुनर्स्थापन केन्द्र (मनोसामाजिक), प्राकृतिक उपचार केन्द्र, अकुपंचर, अर्कप्रसर केन्द्र, युनानी उपचार केन्द्र, योग, ध्यान तथा शारीरिक ब्यायाम केन्द्र, परम्परागत सेवा क्लिनिक र यस्तै प्रकारका अन्य क्लिनिक तथा सेवा केन्द्रहरु | १०,००० |
| ४ | जेरियाटिक परामर्स केन्द्र, जेष्ठ नागरिक सेवा केन्द्र, असहाय सेवा केन्द्र | ५,००० |
| ५ | डी र ई वर्गको प्रयोगशाला | १०,००० |

**निर्णय न. २**

यस धनगढी उप-महानगरपालिकाको वडा न. १५ मा बगर खेती ठेक्का कार्य रु. ३३,००० (तेतिस हजार ) कायम गरि सुचना प्रकाशित गरिएकोमा अनुमोदन का लागि नगर कार्यपालिका लाई सिफारिस गर्ने निर्णय गरियो।

**निर्णय न. ३**

यस धनगढ़ी उपमहानगरपालिका वडा न.१९ मा निर्णय गरिएको बाल उद्द्यानमा तपशिल बमोजिम प्रवेश शुल्क तोक्न नगर कार्यपालिकालाई सिफारिस गर्ने निर्णय गरियो।

क. १० वर्ष सम्मको बालबालिकाको लागि प्रवेश शुल्क लाग्नेछैन तर निजको साथमा जाने व्यक्तिलाई तोकिय बमोजिम प्रवेश शुल्क लाग्नेछ -

ख. विद्द्यार्थीहरुलाई रु. १०

ग. स्वदेशी नागरिकहरुको लागि रु. २०

घ. बिदेशी नागरिकलाई रु. ५०

ङ. भिडियो क्यामेरालाई रु. ४००

च. फिल्म सुटिंगलाई रु.१०००

**निर्णय न. ४**

यस धनगढी उप-महानगरपालिकाले आ.व. ०७८/०७९ बिज्ञापनकर संकलनका लागि मिति २०७८/०२/१७ मा २७,००,११५ न्यूनतम अंक कायम गरी प्रथम पटक मिति ०७८/३/२० मा दोस्रो पटक र मिति २०७८/४/२२ मा तेस्रो पटक सुचना प्रकासित गर्दा कुनै पनि व्यक्ति वा संस्थाले सिलबन्दी बोल पत्र पेश नगरेकोमा मिति २०७८/५/२ गते यस नगरपालिका राजस्व परामर्श समितिमा यस बिषयमा छलफल भै पुन:१ पटक रु.१८,००,००० न्युनतम अंक कायम गरी १५ दिन सुचना प्रकाशित गर्ने र त्यस सुचना अनुसार पनि कुनै पनि व्यक्ति वा संथाले दरभाउ पत्र पेश नगरेमा अर्को प्रक्रियाबाट अघि बढाउने भन्ने निर्णय भएकोमा पुन: १८,००,००० न्युनतम अंक कायम गरी १५ दिने सुचना प्रकाशित गर्दा कुनै पनि फर्म वा संस्थाले प्रस्ताब पेश नगरेको हुदा रु १४,००,००० न्युनतम अंक कायम गरी सात दिनको सूचना प्रकाशित गरी डाक बढाबढको प्रक्रियाबाट अगाडी बढाउने निर्णय गर्नका लागी नगर कार्यपालिकामा सिफारिस गर्ने निर्णय गरियो।

**निर्णय न. ५**

यस नगरपालिकाको आ.व.२०७८/२०७९ का लागि तपसिल बमोजिमको शिर्षकमा तपशिल बमोजिमको कर/शुल्क स्वीकृत गरि लागु गर्न नगर कार्यपालिकालाई सिफारिस गर्ने निर्णय गरियो।

- क. मोबाइल (घुम्ती) रेस्टुरेन्ट लाई रु. २,५००
- ख. आधुनिक मेसिनबाट इट्टा बनाउने उद्योगलाई रु. ३०,०००

**निर्णय न. ६**

वडा न. १९ मा निर्माण भएको फुलबारी बसपार्क २०७८ असार सम्म नगरपालिकाले आफै व्यवस्थापन गर्ने पार्किङ्ग शुल्कको हकमा फुलवारी वसपार्कमा राती बसे बाफत प्रति बस रु. २५ लिने र लामो दुरीमा चल्ने बसको हकमा भाडा को १५% र छोटो दुरीको हकमा २०% क दरले Round Figure हुने गरी पार्किङ्ग शुल्क लिने निर्णय गरियो।

**निर्णय न. ७**

बस पार्कमा संचालन हुने क्यान्टिनको छुट्टै सूचना प्रकासित गरी ठेक्का लगाउने निर्णय गरियो। फुलबारी बसपार्कमा पार्किङ्ग शुल्क तिरी सकेपछि धनगढी उप-महानगरपालिकाको अन्य अंगमा पार्किङ्ग शुल्क नलिने निर्णय गरियो।